आज मिति २०८२/०२/०६ गते यस निस्दी गाउँपालिकाको ८२ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

२०. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

**मिति २०८२। ०२।०६ गते बसेको  निस्दी गाउँपालिकाको ८२ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा  तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. ब्याकहोलोडर चालक र सह चालकको पारिश्रमिक निर्धारण सम्वन्धमा ।

३. जनप्रतिनिधि कर्मचारी तालिम समिक्षा  सम्वन्धमा ।

४. विविध ।

२०८२।२।६

मुक्त बहादुर सारु
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मिलत्याल, पाल्पा

## मिति २०८२।०२।०६ गते बसेको निस्दी गाउँपालिकाको ८२ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाबाट नियुक्ति भएका ब्याकहोलोडर चालक र सह-चालकको पारिश्रमीक मासिक क्रमश रु २७,६१२ र १७,७५० कायम गर्ने निर्णय गरियो । खाना र खाजा प्रकाशित सूचना अनुसार भूक्तानी गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आयोजनामा मिति २०८२/०१/१८ गते देखि संचालन भएको कर्मचारी जनप्रतिनिधी तालिम उपलब्धीमूलक रहेको साथै आगामी आर्थिक बर्षमा पनि यस्ता क्षमता अभिबृद्दिका कार्यक्रम संचालन भए सेवा प्रवाहमा थप गुणस्तर आउने देखियो । कर्मचारी ,जनप्रतिनिधी तालिम संचालन गर्दा नपुग भएको रकम सकारात्मक सोच तालिम शिर्षकबाट रकमान्तर गरी भूक्तानी गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका भित्र रहेका भूमिहिन दलित ,भूमिहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासीको निस्सा वितरण देहाय अनुसार गर्ने निर्णय गरियो ।

देहाय

| क्र स | वडा | भूमिहिन दलित | भूमिहिन सुकुम्वासी | अव्यवस्थित | मिति |
|---|---|---|---|---|---|
| १ | वाकामलाङ्ग | ५ | १२ | ६१ | २०८२/०२/१२ |
| २ | सहलकोट | - | १ | ३७ | २०८२/०२/१३ |
| ३ | झिरुवास | - | - | १११ | २०८२/०२/१४ |
| ४ | मित्याल | - | - | १३४ | २०८२/०२/२१ |
| ५ | गल्धा | २ | - | ७३ | २०८२/०२/१८ |
| ६ | अर्चले | - | - | १८ | २०८२/०२/१९ |
| ७ | ज्यामिरे | - | - | १७७ | २०८२/०२/२० |
| | जम्मा | ७ | १३ | ६११ | - |

२०८२।२।६

... अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) प्रहरी साझेदारी कार्यक्रमको लागी रु ७५ हजार विविध खर्च शिर्षकबाट भूक्तानी हुने गरि संचालन गर्ने निर्णय गरियो ।

ख) पाल्पा जिल्ला ,तानसेनमा ब्लड बैंक स्थापनाको लागि जिल्ला विपद् व्यवस्थापन समितीको निर्णय अनुसार नेपाल रेडक्रस सोसाईटी पाल्पाको खातामा अनुदान दिने निर्णय गरियो ।

ग) सहकारी तालिम संचालन गर्न रु ३७,९०० नपुग हुने देखिएकोले सहकारी अनुगमन शिर्षकबाट रकमान्तर गरी भूक्तानी गर्ने निर्णय गरियो ।

घ) एस.ई.ई संचालन गर्न जनता मा.वि , ढुंगानाबेसी लाई रु १० हजार आर्थिक सहयोग शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

ङ) केम खाम्चा मार्ग ठेक्का नं को चेनेज देहाय अनुसार कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**ग्राभेल**

१ ) अशुंबर्मा - हात्ति भञ्ज्याङ्ग करिब ३ कि मि

२) खादर - जनक आ.वि करिब २ कि मि

३) गुरुङ डाँडा - सिन्दुरे भञ्ज्याङ्ग बारी करिब १२०० मि

**कटिङ्ग**

१) अशुंबर्मा - हात्ति भञ्ज्याङ्ग

२) खादर - जनक आ.वि

३) गुरुङ डाँडा - सिन्दुरे भञ्ज्याङ्ग बारी

४) जनक आ वि - मोहरिया

५) सिन्दुरे पहिरो क्षेत्र

६) बायु उर्जा देखि खादर सम्म साथै

गाउँपालिकाको साईड ईन्जिनियरको रेखदेखमा होम पाईप , पलम्ब ,ग्याविङ्ग ,क्याच पिट, ढलान लगाउने गरि चेनेज प्रदान गर्ने निर्णय गरियो ।

च) वडा कार्यालय र पालिकाबाट माग संकलन भएको मेशिनरी र फर्निचरजन्य सामाग्रीको प्राप्त विवरण स्वीकृत गरि खरिद प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

छ) निस्दी - ०७ ज्यामिरेको दरवेदिप खानेपानीको क्याच टंकी तथा कुलो निर्माणको लागि मर्मत संभार कोषबाट खर्च हुने गरी रु ३० हजारको प्रकृया अगाडी वढाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

२०८२।२।१८